लुम्बिनी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

फोन नं.: ०८६-४४०११८/४४०३०२
९८५७८२४५०५/९८५७८७७०११
वेबसाइट: akcrolpa.lumbini.gov.np
इमेल: akcrolpa@gmail.com

# कृषि ज्ञान केन्द्र, रोल्पा

प.सं.:-२०८२/०८३
च.नं.:-

मिति: २०८२।१०।२८

## कार्यक्रम संचालनको लागि आवेदन/प्रस्ताब आह्वान गरिएको सूचना।

**दोस्रो पटक सूचना प्रकाशन मिति : २०८२/१०/२८**

कृषि ज्ञान केन्द्र,रोल्पाको चालु आ.व. २०८२/८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपसिल बमोजिमका कार्यक्रममा सहभागी हुन इच्छुक आवेदकले सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र (मिति २०८२/११/१३ गते सम्म) यस कार्यालयमा तपसिलका कागजातहरु सहित निवेदन पेश गर्नु हुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। प्रस्ताव साथ पेश गर्नुपर्ने निवेदनको ढाँचा, व्यावसायिक योजना, संलग्न गर्नुपर्ने कागजात, सञ्चालन कार्यविधि यस कार्यालयको सुचनापाटी/वेवसाईट www. akcrolpa.lumbini.gov.np, Facebook page (कृषि ज्ञान केन्द्र, रोल्पा) बाट वा सम्बन्धित गाँउपालिका/नगरपालिकाको कृषि शाखाबाट समेत प्राप्त गर्न सकिनेछ। थप जानकारीका लागि कार्यालयको सम्पर्क नम्बर (९८५७८२४५०५/९८५७८७७०११) मा सम्पर्क गर्न सकिन्छ। रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु समावेश नहुने बेहोरा समेत जानकारी गराईन्छ।

**तपसिल:**

| क्र.स | कार्यक्रमको नाम | संचालन गर्न सकिने क्रियाकलाप | न्युनतम मापदण्ड | कार्यक्रम संचालन हुने क्षेत्र वा स्थान | आवेदकको किसिम | अनुदानको सिमा |
|---|---|---|---|---|---|---|
| १. | रैथाने वाली तथा स्थानीय जातका वालीवस्तु प्रवर्द्धन कार्यक्रम | • रैथाने तथा स्थानीय जातका बालीहरु (कोदो, फापर, जुनेलो, स्थानिय भटमास आदिको उत्पादन, संकलनका आवश्यक क्रियाकलाप, प्रशोधन तथा बजारीकरणका सामग्री तथा उपकरण (सिचाई मोटर, पम्पसेट, मिनिटिलर र पावर टिलर बाहेक) | • उत्पादन, संकलन, प्रशोधन,बजारीकरण लगायतका मूल्य श्रृंखला विकासमा संलग्न भएका कृषक/फर्म/कम्पनी/कृषक समुह/कृषि सहकारी हुनुपर्ने।<br>• उपयुक्तताका आधारमा कार्यालयले अनुदानग्राही छनोट गरी कार्यक्रम संचालन गर्नुपर्ने। | जिल्ला भरी | • कृषक/फर्म/कम्पनी/कृषक समुह/कृषि सहकारी। | • प्रति अनुदानग्राही रु. पचास हजारमा नबढ्ने गरी कूल लागतको अधिकतम ५० प्रतिशत अनुदान सहयोग। |
| २. | बीउ आत्मनिर्भर कार्यक्रम | • उत्पादन सामाग्री: स्रोत बीउ, सूचिकृत प्राङ्गारिक मल, शुक्ष्म तत्व खरिद।<br>• प्याकेजिङ सामाग्री, बीउ प्रमाणिकरण खर्च, प्रशोधन सहयोग, यन्त्र उपकरणहरु खरिद, भण्डारण सामग्री तथा बजारीकरणमा सहयोग। | • बीउ आत्मनिर्भर कार्यक्रम न्युनतम देहायको क्षेत्रफलमा सञ्चालन गर्नुपर्ने:<br>बीज वृद्धि — आवश्यक क्षेत्रफल (रोपनी)<br>खाद्यान्न बाली बीउ — ६०<br>• बीउ उत्पादनमा संलग्न | जिल्ला भरी | • बीउ उत्पादनमा संलग्न कृषक/कृषक समुह/कृषि सहकारी। | • मुल बीउ र सामग्रीको हकमा तपसिलमा उल्लिखित रकममा नबढ्ने गरी अधिकतम ५० प्रतिशत अनुदान रकम |



२०८२।१०।२८
महेन्द्र कुमार ओझा
कार्यालय प्रमुख
[illegible] विज्ञ (नवौं तह)

CamScanner

लुम्बिनी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
**कृषि ज्ञान केन्द्र, रोल्पा**

फोन नं.: ०८६-४४०११८/४४०३०२
९८५७८२४५०५/९८५७८८७७०११
वेबसाइट: akcrolpa.lumbini.gov.np
इमेल: akcrolpa@gmail.com

प.सं.:-२०८२/०८३
च.नं.:-

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | कृषक/कृषक समुह/कृषि सहकारीले आवेदन पेश गर्न सक्ने,<br>• एकल वा समुहमा बीउ उत्पादन गर्न सकिने,<br>• सामूहिक बीउ उत्पादन क्लष्टरमा गर्नुपर्ने,<br>• बीउ बिजन उत्पादन तथा कारोवार गर्ने अनुमतिपत्र लिएको हुनुपर्ने वा त्यस्तो संस्था सँग समन्वय गरेको हुनुपर्ने,<br>• स्रोत तथा प्रमाणित बीउ उत्पादकलाई प्राथमिकता दिइने। | | | उपलब्ध गराईनेछ।<br>• खाद्यान्न बाली बीउ उत्पादन (मकै) प्रति रोपनी रु.१५००/- अनुदान दिईने। |

<u>संलग्न गर्नुपर्ने कागजातहरु:</u>

१. प्रस्तावकको निवेदन। (अनुसूची २३ बमोजिम)
२. दर्ता/नविकरण भएको प्रमाण-पत्रको प्रतिलिपि (समूह/निजी फर्म/कम्पनी/सहकारीको)।
३. स्थायी लेखा नम्बर प्रमाण-पत्र तथा गत आर्थिक वर्षको कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि।
४. कृषक तथा कृषक समूहको हकमा स्थायी लेखा नम्बर, प्रमाण-पत्रको प्रतिलिपि (छनोट भएमा सम्झौता पूर्व पेश गर्नु पर्ने)।
५. कार्यक्रम सञ्चालनको लागि व्यावसायिक कार्ययोजना सहितको प्रस्ताव (कार्यक्रमको प्रकृति अनुसार) (अनुसूची-२४ बमोजिम)।
६. सम्बन्धित स्थानीय तहको सिफारिस पत्र।
७. दोहोरो अनुदान नलिएको स्वःघोषणा। (अनुसूची ३१ बमोजिम)।
८. प्रस्ताव स्वीकृत गरी अनुदान माग गर्न गरिएको निर्णयको प्रतिलिपि (संस्था/समुह/कम्पनी/सहकारीको हकमा।
९. प्रस्ताव पेश गर्नेको नागरिकताको प्रतिलिपि।
१०. निर्माण गरिने पूर्वाधारको हकमा लागत अनुमान तथा नक्सा।
११. जग्गा धनी दर्ता प्रमाण-पत्रको प्रतिलिपि ।

पुनश्चः माथि उल्लिखित कार्यक्रमहरु लुम्बिनी प्रदेश सरकार कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयको "कृषि तथा पशुपन्छी विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८२" अनुसार मात्र संचालन हुनेछ। साथै उल्लेखित मिति भित्र आवश्यक कागजात र प्रक्रिया नपुगेका आवेदनहरु माथी कुनै प्रक्रिया अघि बढाइने छैन।

२०८२/१०/२८
महेन्द्र कुमार ओली
कार्यालय प्रमुख
मुख्य कृषि अर्थ बिज्ञ (नवौं तह)



CamScanner